# चन्द्रकोट गाउँपालिकाको आर्थिक ऐन, २०८२

## चन्द्रकोट गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०८२

प्रस्तावना: चन्द्रकोट गाउँपालिकाको आर्थिक ऐन प्रस्ताव, २०८२ लाई कार्यान्वयन गर्नका निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम चन्द्रकोट गाउँपालिकाको गाउँ सभाले यो आर्थिक ऐन बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>:(१) यस ऐनको नाम "आर्थिक ऐन, २०८२" रहने छ।

(२) यो ऐन २०८२ साउन ०१ गते देखि लागु हुने छ।

२. <u>सम्पति कर</u>: गाउँपालिकाका क्षेत्रभित्र अनुसूची (१) बमोजिम (सार्वजनिक सम्पतिमा बाहेक) सम्पति कर/घरजग्गा कर लगाइने र असुल उपर गरिनेछ।

३. <u>भूमि कर (मालपोत)</u>: गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम (सार्वजनिक जग्गामा बाहेक) कर (मालपोत) लगाइने र असुल उपर गरिनेछ।

४. <u>घर बहाल कर</u>: गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३'क') बमोजिम घर जग्गा वहाल कर लगाइने र असुल गरिनेछ।

५. <u>बहाल कर र ढुवानीकर:</u> गाँउपालिकाको क्षेत्रभित्र कुनै पनि ब्यक्ति वा संस्था गाडी, मेसिनरी, औजार, डोजर लगायतका निर्माणका साधन पुरै वा आंशिक तवरले बहालमा दिएमा अनुसुची (३'ख') बमोजिम बहाल कर लगाईने र असुल गरिनेछ।

६. <u>व्यवसाय कर</u>: गाउपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुंजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असुल गरिनेछ।

७. <u>जडिबुटी, कवाडी, र जीवजन्तु कर</u>: गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला, जस्ता बस्तुको व्यवसायिक कारोवार गरेबापत अनुसूची(५) मा उल्लेखित दररेट बमोजिम कर लगाइने र असुल उपर गरिनेछ।

८. <u>फोहोरमैला कर</u>: गाउँपालिका क्षेत्रभित्र सञ्चालित व्यवसाय तथा व्यापारजन्य कारोबार भएका संस्थाहरु, घर, नीजि तथा सार्वजनिक संस्थाहरुबाट उत्सर्जित फोहोर संकलन गरेबापत अनुसूची (६) बमोजिम फोहोरमैला कर लगाइने र असुल उपर गरिनेछ।

९. <u>सवारी साधन कर</u>: गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसुची(७) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ। तर प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१०.मनोरञ्जन कर: गाउँपालिका क्षेत्रभित्र विभिन्न संघसंस्था, समुह तथा व्यक्तिले मेला महोत्सव, मनोरञ्जनात्मक क्रियाकलाप सञ्चालन गरे वापत प्रदेश सरकारले तोकेको दरमा अनुसूची (८) वमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ।

११.सेवा शुल्क, दस्तुर: गाउँपालकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची (९) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भएअनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ।

१२.दहत्तर बहत्तर बिक्री शुल्क: गाउँपालिका भित्र रहेका नदीजन्य पदार्थहरु ढुङ्गाँ, गिट्टी, बालुवा प्रदेश सरकाले तोकेको दरमा ठेक्का प्रकिया बाहेकको अवस्थामा अनुसुची (१०) मा उल्लेखित भएको व्यवस्था बमोजिम बिक्री गरी राजस्व संकलन गरिनेछ।

१३.विज्ञापन कर: गाउँपालिका भित्र रहेका घर, पसल, होटल, मल, कम्प्लेक्स, रेष्टुरेण्ट, शोरुम, पेट्रोल पम्प, सिनेमाहल, अस्पताल, मेला/महोत्सव, वैकं तथा वित्तीय संस्थाभित्र वा बाहिर राखिने विज्ञापनजन्य बोर्ड, पोस्टर, पम्पलेट, बन्टिङ्ग, झन्डा, सटर पेन्टङ्ग, भ्याकुम स्टिकरजस्ता सबै सामाग्रीहरुको कर संकलन गरिनेछ। कुनै फर्म तथा कम्पनीले आफ्नो व्यापार प्रवर्धनका लागि आफ्नो ब्राण्ड कलर तथा विज्ञापन सामाग्रीहरु गाउँक्षेत्रभित्रका व्यवसायिक स्थानहरुमा जहाँ राखेपनि त्यसको सम्पुर्णमा अनुसुची (११) देहाय अनुसार ठेक्का प्रकिया द्धारा विज्ञापन कर लाग्नेछ।

१४.बहाल विटौरी शुल्क: गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण रेखदेख वा संचालन गरेका सार्वजनिक, एलानी, पर्ति जग्गा, पोखरी वा भवन वा हाटबजार वा पसल, टहरा, घर, ग्यारेज, गोदाम, सेड (छप्पर) कारखाना, बाटोको छेउमा थाप्न दिइएका अस्थायी पसलहरुमा अनुसुची (१२) मा उल्लेख भए अनुसार वहाल विटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ।

१५.कर छुट: यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन तर अल्पसङ्ख्यक, महिला र अपाङ्गको नाममा जुनसुकै व्यवसाय दर्ता गर्दा दर्ता शुल्कमा २५ प्रतिशत छुट दिइनेछ।

१६.जरिवाना: चन्द्रकोट गाउँपालिका भित्र रहेका विभिन्न खोला तथा नदिहरुबाट अवैध रुपमा नदिजन्य पर्दाथहरु चोरी निकासी, खोला तथा नदिहरमा कुनै व्यक्तिले पनि कुनै जलमा रहेका कुनै जलचरलाई समात्ने तथा मार्ने अभिप्रायले जानी जानी त्यस्तो जलमा वा त्यसको आसपासमा कुनै किसिमको विघुटीय धार (करेन्ट), विष्फोटन पदार्थ वा विषालु पदार्थको प्रयोग गर्ने गरि जलचर (माछा) मार्ने र अवैध रुपमा मासु प्रयोजनको लागि स्त्री जातिका पशु चौपाय विक्री वितरण तथा ओसार पसारमा संलग्न व्यक्तिहरुलाई अनुसुची (१३) मा उल्लेख भए अनुसार जरिवान रकम लगाउने र असुल उपर गरिनेछ।

१७.कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि: यस ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँ कार्यपालिकाले तोकेअनुसार हुनेछ।

युवराज खत्री क्षत्री
अध्यक्ष

## अनुसूची - १

### सम्पत्ति कर(घर कर)

### ऐनको दफा २ सँग सम्बन्धित

| क्र.सं | राजश्वका क्षेत्रहरु | | राजश्व दर वार्षिक(रु.मा) | कैफियत |
|---|---|---|---|---|
| | विवरण | विस्तृत विवरण | | |
| १. | पक्की घर | १ तलासम्मको प्रति बर्ष | २५० | |
| २. | पक्की घर | २ तलासम्मको प्रति बर्ष | ३०० | |
| ३. | पक्की घर | ३ तलासम्मको प्रति बर्ष | ४०० | |
| ४. | पक्की घर | ४ तलामाथिको प्रति बर्ष | ५०० | |
| ५. | कच्ची घर | छाप्रो, खरको छानो बजारबाहेकको | निःशुल्क | |
| ६. | कच्ची घर | छाप्रो, बजारक्षेत्रमा | १०० | |
| ७. | कच्ची घर | टिन, स्लेट, ढुङ्गा टायल छाना भएको घर गाउँ | ७५ | |
| ८. | कच्ची घर | टिन,स्लेट, ढुङ्गा टायल छाना भएको घर बजार | २०० | |
| एकीकृत सम्पत्ति कर लागू भएमा सोही बमोजिम हुने। | | | | |

## अनसूची - २

### भुमि कर (मालपोत)

### ऐनको दफा ३ सँग सम्बन्धित

| क्र.सं. | राजश्वका क्षेत्रहरु | | राजश्व दर वार्षिक (रु.मा) | कैफियत |
|---|---|---|---|---|
| | विवरण | विस्तृत विवरण | | |
| १. | मालपोत कर | अब्बल(प्रतिरोपनी) | ३० | |
| | | दोयम (प्रतिरोपनी) | २५ | |
| | | सिम (प्रतिरोपनी) | १५ | |
| | | चाहार (प्रतिरोपनी) | १० | |

यस पालिकामा भु-वर्गीकरण लागु भएमा देहाय बमोजिम हुने।

देहायः

| | राजश्वका क्षेत्रहरु | | | राजश्व दर वार्षिक (रु.मा) | कैफियत |
|---|---|---|---|---|---|
| | विवरण | विस्तृत | विस्तृत विवरण | | |
| १ | मालपोत कर | अब्बल प्रतिरोपनी | कृषि क्षेत्र | | |
| | | | आवासीय क्षेत्र | | |
| | | दोयम प्रतिरोपनी | व्यापारिक क्षेत्र | | |
| | | | औधोगिक क्षेत्र | | |
| | | सिम प्रति रोपनी | खानी, खनिज क्षेत्र | | |
| | | चाहार प्रति रोपनी | बन, बुट्यान, खर्यान क्षेत्र | | |

युवराज खत्री
अध्यक्ष

नोट : एक वर्ष भित्र कर नबुझाउनेलाई जम्मा कर रकममा १०%,र सो भन्दा बढि समय कर नबुझाउनेलाई प्रत्येक थप वर्षको थप १०% का दरले जरिवाना लाग्ने छ। आ.ब. २०८२/८३ भन्दा अगाडिको मालपोत रकम र यस आर्थिक वर्षको दररेटमा जरिवाना १०% प्रतिशत प्रति वर्ष लाग्ने छ।

## अनुसूची – ३(क)

### घर/बहाल कर

### (ऐनको दफा ४ सँग सम्वन्धित)

यस गाउँपालिका क्षेत्र भित्र घर, जग्गा, टहरो, छाप्रो, पसल, ग्यारेज लगायत भाडामा लगाए बापत भाडा रकमको निम्नानुसारको दरले घर/जग्गा बहाल कर लाग्ने छ।

| क.स. | राजस्वका क्षेत्रहरु | | राजस्व दर बार्षिक (रु.मा) | कैफियत |
|---|---|---|---|---|
| १ | घर/जग्गा बहाल कर | सस्थागत | १०% | |
| २ | घर/जग्गा बहाल कर | व्यक्तिगत | ५% | |
| ३ | घर/जग्गा बहाल कर | सटर (व्यवसायिक प्रयोजनको) | ८% | |
| ४ | घर/जग्गा बहाल कर | बैदेशिक अध्ययन (NOC) मा जाने विद्यार्थीहरुको लागि | ४% | |

नोट: १. गाउँपालिकामा रहेको टयाङ्कर व्यक्ति तथा सस्थाले (सार्वजनिक भवन तथा जग्गामा बाहेक) भाडामा प्रयोग गर्न चाहेमा प्रतिदिन रु १००० दरले भाडामा दिने।

## अनुसूची – ३(ख)

### बहाल/ढुवानी कर

### (ऐनको दफा ५ सँग सम्वन्धित)

यस गाउँपालिकाको क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्थाले गाडी, मेसिनरी औजार, डोजर लगायत निर्माणका साधन र अन्य साधनहरु भाडामा लगाए वापत भाडा रकमको १०% प्रतिशत बहाल कर लाग्ने छ तर ढुवानी प्रयोजनका लागि भने लगाइएको भाडामा २.५% प्रतिशत बहाल कर लाग्ने छ।

## अनुसूची – ४

### व्यवसाय कर

### (ऐनको दफा ६ सँग सम्वन्धित)

| क. सं. | राजश्वका क्षेत्रहरु: विवरण | विस्तृत विवरण | राजश्व दर वार्षिक(रु.मा) | | कैफियत |
|---|---|---|---|---|---|
| १ | गल्ला पसल | थोक/VAT मा दर्ता भएका | ३००० | | |
| २ | किराना पसल | थोक/VAT मा दर्ता भएका | ३००० | | |
| ३ | हार्डवेयर पसल | थोक/VAT मा दर्ता भएका | ३८०० | | |
| ४ | फेन्सी पसल | VAT मा दर्ता भएका | ३००० | | |
| | | | (क) वर्ग | (ख) वर्ग | |
| ५ | होलसेल पसल | गल्ला पसल | २००० | १००० | |



पुर्वराज सार्की अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | | किराना पसल | २००० | १००० | |
| ७ | | हार्डवेयर पसल | २००० | १००० | |
| ८ | खुद्रा पसल | गल्ला पसल | १५०० | ७५० | |
| ९ | | किराना पसल | १५०० | ७५० | |
| १० | | हार्डवेयर पसल | १५०० | ७५० | |
| ११ | | PAN मा दर्ता/गाउँपालिकामा दर्ता भएका | १२०० | ६०० | |
| १२ | | माछा विक्री पसल | २००० | १००० | |
| १३ | | मासु विक्री पसल | २००० | १००० | |
| १४ | | दुध डेरी | १२५० | ६२५ | |
| १५ | | फलफुल तथा तरकारी पसल | १००० | ५०० | |
| १६ | | PAN मा दर्ता/पालिकामा दर्ता नभएकालाई जरिवाना | २२०० | | |
| १७ | पार्लर | व्युटी पार्लर | १६५० | | |
| १८ | | हेयर कटिङ्ग | १५०० | | |
| १९ | सवारी साधन खरिद विक्री | २ पाङ्ग्रे (शोरुम) | ५५०० | | |
| २० | | ४ पाङ्ग्रे (शोरुम) | १५००० | | |
| २१ | | २ र ४ पाङ्ग्रे दुवै (शोरुम) | २०००० | | |
| २२ | कलर ल्याव | कलर ल्याव | १५०० | | |
| २३ | केवल संचालन | टेलिभिजन केवल | ३००० | | |
| २४ | बैङ्क तथा वित्तीय संस्था | बैङ्क (सरकारी) | २८००० | | |
| २५ | | बैङ्क (निजी 'क' बर्ग) | २८००० | | |
| २६ | | बैङ्क (निजी 'ख' बर्ग) | २३००० | | |
| २७ | | बैङ्क (निजी/लघुवित्त वित्तिय संस्था) | १०५०० | | |
| २८ | | इन्भेस्टमेण्ट फर्म/कम्पनी | १०००० | | |
| २९ | | सहकारी (१ करोड भन्दावढि कुल पुँजी भएको) | २००० | | |
| ३० | | सहकारी (१ करोड सम्मकुल पुँजी भएको) | १५०० | | |
| ३१ | | मनि ट्रान्सफर | ५५०० | | |
| | निर्माण व्यवसायी | बार्षिक सूचिकृत दस्तुर (अन्य निकायले नियमन गर्ने) | | | |
| ३२ | | 'क' बर्ग | २८५०० | | |
| ३३ | | 'ख' बर्ग | २३००० | | |
| ३४ | | 'ग' बर्ग | १८५०० | | |
| | | 'घ' बर्ग गाउँपालिकाले नै नियमन गर्ने | | | |
| ३५ | | इजाजत पत्र दस्तुर घ वर्ग | १३५०० | | |
| ३६ | | इजाजत नविकरण दस्तुर घ वर्ग | १०००० | | |
| ३७ | | इजाजत पत्र प्रतिलिपि घ वर्ग | १००० | | |
| ३८ | | इजाजत पत्र नामसारी/ठाउँसारी घ वर्ग | ५००० | | |

| | | | | |
|---|---|---|---|---|
| ३९ | पसल /व्यवसाय | औषधि पसल VAT मा दर्ता भएको | ५००० | |
| ४० | | औषधि पसल PAN मा दर्ता भएको | २५०० | |
| ४१ | | पोलिक्लिनिक | १६००० | |
| ४२ | | नीजि अस्पताल/नर्सिङ होम | १६००० | |
| ४३ | | आयुर्वेदिक अस्पताल दर्ता | ८००० | |
| ४४ | | आयुर्वेदिक अस्पताल नवीकरण | ३००० | |
| ४५ | | आयुर्वेदिक औषधि पसलदर्ता | १३०० | |
| ४६ | | आयुर्वेदिक औषधि पसल नवीकरण | १००० | |
| ४७ | | सुर्तीजन्य पसल | २५०० | |
| ४८ | | मदिरा पसल | ५००० | |
| ४९ | | पलाष्टिस पसल | १००० | |
| ५० | | घुम्ति व्यवसाय (डिलर प्रति ब्राण्ड) | ५००० | |
| ५१ | | घुम्ति व्यवसाय (डिलर/होलसेल छ महिनाको लागि) | ५००० | |
| ५२ | | घुम्ति व्यवसाय (कपालको बाल बटुल्ने, मेसिन औजारमा सान लगाउने, माला, चुरा) पैदल एक दिनको लागि | १०० | |
| ५३ | | घुम्ति व्यवसाय (कपालको बाल बटुल्ने, मेसिन औजारमा सान लगाउने, माला, चुरा) पैदल एक हप्ताको लागि | ५०० | |
| ५४ | | घुम्ति व्यवसाय (कपालको बाल बटुल्ने, मेसिन औजारमा सान लगाउने, माला, चुरा) एक वर्षको पैदल लागि | १००० | |
| | | **घुम्ती व्यवसाय पैदल मार्फत** | | |
| ५५ | | एक दिनको लागि | २०० | |
| ५६ | | एक हप्ताको लागि | ५०० | |
| ५७ | | एक महिनाको लागि | ८०० | |
| ५८ | | छ महिनाको लागि | १२०० | |
| ५९ | | एक वर्षको लागि | १५०० | |
| | | **घुम्ती व्यवसाय गाडी मार्फत (ढुवानी प्रयोजनको गाडी मात्र)** | | |
| ६० | | एक दिनको लागि | ५०० | |
| ६१ | | एक हप्ताको लागि | १००० | |
| ६२ | | एक महिनाको लागि | १५०० | |
| ६३ | | छ महिनाको लागि | २५०० | |
| ६४ | | एक वर्षको लागि | ३५०० | |
| ६५ | | घुम्ति व्यवसाय एक बर्षको लागी(डिलर/होलसेल) | १०००० | |
| ६६ | | ईन्टरनेटसर्भिस सेवा प्रदायक | ३५०० | |

| | | | | |
|---|---|---|---|---|
| ६७ | | टेलरिङ्ग (सादा) | १५०० | |
| ६८ | | टेलरिङ्ग (कपडा सहित) | २००० | |
| ६९ | | भिडियोग्राफी | २००० | |
| ७० | | पेन्टिङ्ग/आर्ट | २००० | |
| ७१ | | टेण्ट/क्याटरिङ्ग | ३३०० | |
| ७२ | | मिष्ठान्न भण्डार | १५०० | |
| ७३ | | एग्रोभेटबिउ बिजन | १५०० | |
| ७४ | | फ्रिज/घडी/रेडियो/टिभि/कम्प्युटर/मोवाईल/ईलेक्ट्रिक/ईलेक्ट्रीकल/ईलेक्ट्रोनिक्स विक्री पसल | ३००० | |
| ७५ | | फ्रिज/घडी/रेडियो/टिभि/कम्प्युटर/मोवाईल/ईलेक्ट्रिक/ईलेक्ट्रीकल/ईलेक्ट्रोनिक्स मर्मत पसल | १५०० | |
| ७६ | | सवारी साधनपाटपुर्जा बिक्रि/मर्मत केन्द्र | ४००० | |
| ७७ | | सुन/चाँदी पसल | ४००० | |
| ७८ | पसल /व्यवसाय | मौरी पालन व्यवसाय | १००० | |
| ७९ | | कुखुराको चल्ला बिक्री पसल | १००० | |
| ७९ | | चस्मा पसल | १२०० | |
| ८० | | जुत्ता चप्पल पसल | १५०० | |
| ८१ | | ग्यास विक्री पसल | १५०० | |
| ८२ | | विद्युतीय सवारी साधन चार्जिव सेन्टर | १५०० | |
| ८३ | | पुजा सामाग्री पसल | १२०० | |
| ८४ | | मिनिमार्ट | ३००० | |
| ८५ | | स्नुकर, फुल तथा दाना पसल | २००० | |
| ८६ | | डेन्टल क्लिनिक | १०००० | |
| ८७ | | पुस्तक पसल तथा स्टेसनरी | १२०० | |
| ८८ | संचार क्षेत्र | टेलिभिजन च्यानल सञ्चालन | ५००० | |
| ८९ | | एफएम रेडियो | २००० | |
| ९० | | पत्र पत्रिका छापाखाना | ३००० | |
| ९१ | | अनलाईन छापा | १२०० | |
| ९२ | होटल/लज व्यवसाय | पर्यटक स्तरको | ५५०० | |
| ९३ | | पर्यटकीयस्तरको होटल वा लज तथा रिसोर्ट | ४५०० | |
| ९४ | | सुत्ने, खाने, चमेना/होटल समेत व्यवस्था भएको | ३५०० | |
| ९५ | | बार समेतको रेष्टुरेन्ट | ३५०० | |
| ९६ | | रोदी तथा दोहोरी घर | ३५०० | |
| ९७ | | पार्टि प्यालेस | ३५०० | |
| ९८ | | चिया पसल सामान्य रेष्टुरेन्ट | १००० | |
| ९९ | विमा कम्पनी | जीवन विमा | ३००० | |
| १०० | | निर्जीवन विमा | २००० | |

| | | | | |
|---|---|---|---|---|
| १०१ | ड्राईक्लिनर | ड्राईक्लिनर | १५०० | |
| १०१ | होस्टेल | होस्टेल | ३००० | |
| १०२ | कुरीयर | कुरीयर सेवा संचालन | १००० | |
| १०३ | सोलार/सौर्य उर्जा | सोलार/सौर्य उर्जा | १५०० | |
| १०४ | चलचित्र हल | चलचित्र हल | ११००० | |
| १०५ | कन्सल्टेन्सी/परामर्श सेवा केन्द्र | कन्सल्टेन्सी/परामर्श सेवा केन्द्र | १०००० | |
| १०६ | उद्योग कलकारखाना शुल्क | छापाखाना (अफसेट प्रेस) | ४००० | |
| १०७ | | ईट्टा/टायल/सेनेटरी उद्योग | ६००० | |
| १०८ | | धान/तोरी कुटानी पिसानी मिल | १००० | |
| १०९ | | पालिकाको अनुदान बाट र अनुदान बाहेकका कुटानी पिसानी मिल/हाते ट्याक्टर (व्यवसायिक रुपमा सञ्चालन) | ५०० | |
| ११० | | घरेलु जुत्ता उद्योग/पसल | १२०० | |
| १११ | | भाँडा/तामा-पित्तलका भाँडा तथा कलात्मक मूर्ती बनाउने/बेच्ने ठाउँ | १५०० | |
| ११२ | | आलमुनियम, ग्रिल तथा स्टील | ५५०० | |
| ११३ | | फर्निचर/फर्निसिङ पसल | ३५०० | |
| ११४ | | फर्निचर तथा काष्ठ उद्योग | ५५०० | |
| ११५ | | पेट्रोल पम्प | १२००० | |
| ११६ | | क्रसर उद्योग(स्थायी) | २२००० | |
| ११७ | | क्रसर उद्योग(अस्थायी) | १७००० | |
| ११८ | | मिनि क्रसर उद्योग | १५००० | |
| ११९ | | मिनि क्रसर उद्योग(अस्थायी) | १२००० | |
| १२० | | ईट्टा/ब्लक उद्योग | ६००० | |
| १२१ | | ह्याचरी/सिरक डसना/आइसक्रिम उद्योग | ३००० | |
| १२२ | | पाउरोटी/चाउमिन | २२०० | |
| १२३ | | स्थानीय खाद्य उत्पादन तथा पेय प्रदाथको उद्योग | ५००० | |
| १२४ | जलविद्युततर्फ | १०० कि.वा. (बार्षिक) | १०००० | |
| १२५ | | ५०० कि.वा. (बार्षिक) | १५००० | |
| १२६ | | १ मे.वा (बार्षिक) | २०००० | |
| १२७ | | २.५ मे.वा (बार्षिक) | २५००० | |
| १२८ | | ५ मे.वा (बार्षिक) | ३५००० | |
| १२९ | | ५ मे.वा भन्दा माथि(बार्षिक) | ५५००० | |

१ माथी उल्लेखित गरिएको व्यवसाय वर्गलाई निम्नानुसार को क्षेत्र तोकिएको

- क (वर्ग) को क्षेत्र मजुवा बजार क्षेत्र, सोता बजार क्षेत्र, शान्तिपुर बजार क्षेत्र, हर्राचौर बजार क्षेत्र र हरेवा बजार क्षेत्र मात्र।
- ख (वर्ग) को क्षेत्र माथी क (वर्ग) मा उल्लेख गरिएका भन्दा अन्य सबै स्थानका क्षेत्रलाई बुझिनेछ।

## अनुसूची - ५

### जडिबुटी, कवाडी र जीवजन्तु कर

### (ऐनको दफा ७ सँग सम्बन्धित)

| क.सं. | राजश्वका क्षेत्रहरु | | राजश्व दर वार्षिक(रु.मा) | कैफियत |
|---|---|---|---|---|
| | विवरण | विस्तृत विवरण | | |
| १ | जडिबुटी/वन पैदावार सम्बन्धी | सिमल (प्रति क्युफिट) | ८ | |
| २ | | सल्लो (प्रति क्युफिट) | १० | |
| ३ | | खयर (प्रति क्युफिट) | २५ | |
| ४ | | चाप (प्रति क्युफिट) | २५ | |
| ५ | | उत्तिस (प्रति क्युफिट) | १० | |
| ६ | | मसुरी कटुस (प्रति बोट) | १२ | |
| ७ | | जडिवुटी दालचिनी तेजपात (प्रति केजी) | १ | |
| ८ | | काउलोको बोक्रा (प्रति केजी) | १ | |
| ९ | | चौतारीको बोक्रा (प्रति केजी) | १ | |
| १० | | टिमुर (प्रति केजी) | २० | |
| ११ | | सुगन्धवाला जटामसी (प्रति केजी) | ५ | |
| १२ | | पाखनवेद (प्रति केजी) | १० | |
| १३ | | झ्याउ (प्रति केजी) | ५ | |
| १४ | | टुनी (प्रति क्युफिट) | १० | |
| १५ | | सिसौ (प्रति क्युफिट ) | १५ | |
| १६ | | श्रीखण्ड (प्रति क्यू फिट) | ५०० | |
| १७ | | अन्य सुकाठ (प्रति बोट) | ३०० | |
| १८ | | अन्य कुकाठ (प्रति बोट) | १२० | |
| १९ | | सल्लोको खोटो (प्रति किलो) | १२ | |
| २० | | खयरको बोक्रा (प्रति किलो) | १ | |
| २१ | जीवजन्तु /चौपाय | प्रति रागाँ/भैसी निकासी | १००० | |
| २२ | | प्रति बोका/बाख्रा निकासी | २०० | |

## अनुसूची - ६

### फोहर व्यवस्थापन कर

(ऐनको दफा ८ सँग सम्बन्धित)

| क्र. सं. | राजश्वका क्षेत्रहरु | | राजश्व दर मासिक(रु.मा) | कैफियत |
|---|---|---|---|---|
| | विवरण | विस्तृत विवरण | | |
| १ | फोहरमैला उठ्ने क्षेत्रहरु | प्रति घर | १०० | घर र पसल एकै ठाउँमा भए रु.१५० |
| २ | | बहुउदेश्यीय सभाहल प्रयोग प्रति कार्यक्रम सरसफाई शुल्क | १५०० | |
| ३ | | क्लिनिक/ल्याव | २०० | |
| ४ | | रेष्टुरेन्ट | १०० | |
| ५ | | मासु पसल | २०० | |
| ६ | | फलफुल तथा तरकारी पसल | १५० | |
| ७ | | गेष्ट हाउस | २५० | |
| ८ | | विद्यालय(निजी) | १५० | |
| ९ | | अन्य | १०० | |

नोटः १. कवाडी समानको निकासी गर्दा गाउँ कार्यपालिकाको निर्णय बमोजिम प्रचलित बजार रेट समेतलाई मध्यनजर गरी आवश्यकताअनुसार खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई गर्ने।

## अनुसूची – ७

### सवारी साधन कर

(ऐनको दफा ९ सँग सम्वन्धित)

| क्र.सं. | राजश्वका क्षेत्रहरु | | राजश्व दर वार्षिक (रु.मा) | कैफियत |
|---|---|---|---|---|
| | विवरण | विस्तृत विवरण | | |
| १ | डोजर सुचिकृत दर्ता | ब्याकहो लोडर लगायत टायरवाला | १४००० | |
| २ | | एक्साभेटर लगायत चेनवाला | २५००० | |
| ३ | डोजर नविकरण गर्दा | ब्याकहो लोडर लगायत टायरवाला | ८५०० | |
| ४ | | एक्साभेटर लगायत चेनवाला | १४००० | |
| ५ | दर्ता | ई-रिक्सा,अटोरिक्सा | १००० | |
| ६ | नविकरण | ई-रिक्सा, अटोरिक्सा | ५०० | |
| ८ | सुचिकृत दर्ता | ट्रिपर | १००० | |
| ९ | | ट्रक | ५०० | |
| १० | | ट्याक्टर | ५०० | |
| ११ | | डबल/सिंगल क्याप | २०० | |

## अनुसूची – ८

### मनोरञ्जन कर

(ऐनको दफा १० सँग सम्बन्धित)

| क्र.सं. | राजश्वका क्षेत्रहरु<br>विस्तृत विवरण | राजश्व दर वार्षिक (रु.मा) | कैफियत |
|---|---|---|---|
| १ | चलचित्र घरमा चलचित्र प्रदर्शन, थिएटर/नाटकघर भिडियोघर, प्रति टिकट मूल्यको | ५ प्रतिशत | लुम्बिनी प्रदेश आर्थिक ऐन, २०८२ अनुसार |
| २ | कन्सर्ट प्रति व्यक्ति | रु. २५ | |
| ३ | सांस्कृतिक प्रदर्शन हल, आकाशे सिसाको पूल, जिपलाईन, केवलकार, स्काइ साइक्लिङ, सुवीङ, वाटर गार्डेन, बाल उद्यान पार्क, ताल तलैया; क्रुज बोटिङ्ग वा डुङ्गा सफारी, रक क्लाइम्बिङ, स्केटिङ्ग, पार्क प्रवेश गर्दा एकमुष्ठ प्रति टिकत/बिल मुल्यको (केवलकारको हकमा शुरु संचालन भएको तीन आर्थिक वर्षसम्म कर छुट हुनेछ) | ५ प्रतिशत | |

४. सर्कस देल मेला जादु चटके वा विभिन्न प्रर्दशनीमा टिकट व्यवस्था भएकोमा टिकट मुल्यको ५ प्रतिशत र टिकटको व्यवस्था नभएकोमा देहाय बमाजिमको दरमा मनोरञ्जन कर लाग्नेछः-

| क्र.सं. | राजश्वका क्षेत्रहरु<br>विस्तृत विवरण | | राजश्व दर (रु.मा) | कैफियत |
|---|---|---|---|---|
| १ | सर्कस, खेल, मेला, जादु, चटके लागयत प्रदर्शनी | १ दिन सम्मको | ४००० | लुम्बिनी प्रदेश आर्थिक ऐन, २०८२ अनुसार |
| | | ३ दिन सम्मको | १०००० | |
| | | ५ दिन सम्मको | १८००० | |
| | | ७ दिन सम्मको | २५००० | |
| | | ८ देखि १५ दिन सम्मको | ४०००० | |
| | | १६ देखि ३० दिन सम्मको | ६०००० | |

६. तीस दिन भन्दा माथिको सर्कस खेल मेला जादु चटके र विभिन्न प्रदर्शनीमा टिकटको व्यवस्था अनिवार्य गर्नुपर्नेछ।

७. टि.भी. केवल नेटवर्कको हकमा शुल्कको एक प्रतिशत र डिश टि.भी. को हकमा रिचार्ज रकमको २% (दुई प्रतिशत )का दरले कर लाग्नेछ।

८. पत्रपत्रिकामा प्रकाशित सुचना तथा विज्ञापनको यस पालिकाले भुक्तानी गर्दा कुल भुक्तानी रकमको २% प्रतिंशत रकम कट्टी गरि भुक्तानी गर्नुपर्ने र कट्टी गरिएको प्रतिशत विभाज्य खातामा जम्मा गर्नुपर्ने।

| क्र.सं. | राजश्वका क्षेत्रहरु<br>विस्तृत विवरण | राजश्व दर वार्षिक (रु.मा) | कैफियत |
|---|---|---|---|
| १ | दोहोरी साँझ, रोदी घर, स्पा र मसाज, पुल हाउस, स्वीमिङ्ग पूल, जुम्वा जीम हाउस, थिएटर/नाटक घर, भिडियोघर र ओपेरा | ५००० | लुम्बिनी प्रदेश आर्थिक ऐन, २०८२ अनुसार |
| २ | डान्सबार, नाईट क्लव र रात्रिकालीन सेवा | २५००० | |

<u>अनुसूची – ९</u>

सेवा शुल्क दस्तुर

(ऐनको दफा ११ सँग सम्वन्धित)

| क्र.स | राजश्वका क्षेत्रहरु | | राजश्व दर (रु.मा)/पटक | राजश्व दर (रु.मा)/पटक |
|---|---|---|---|---|
| | विवरण | विस्तृत विवरण | | |
| १ | प्रमाणित शुल्क | नाता प्रमाणित गर्ने (नेपालीमा) | २०० | |
| २ | | नाता प्रमाणित गर्ने (अंग्रेजीमा) | ५०० | |
| ३ | | जन्म मिति प्रमाणित (नेपाली) | २०० | |
| ४ | | जन्म मिति प्रमाणित (अंग्रेजी) | ५०० | |
| ५ | | विवाह प्रमाणित (नेपाली) | २०० | |
| ६ | | विवाह प्रमाणित (अंग्रेजी) | ५०० | |
| ७ | | विवाहित / अविवाहित प्रमाणित (नेपाली) | २०० | |
| ८ | | विवाहित / अविवाहित प्रमाणित (अंग्रेजी) | ५०० | |
| ९ | | घर/बाटो प्रमाणित गर्ने | ३०० | |
| १० | | व्यक्तिगत विवरण प्रमाणित गर्ने | २०० | |
| ११ | | नाता प्रमाणित गर्ने नेपाली | २०० | |
| १२ | | नाता प्रमाणित गर्ने अंग्रेजी | ५०० | |
| १३ | | अन्य प्रमाणित गर्ने नेपाली | २०० | |
| १४ | | अन्य प्रमाणित गर्ने अंग्रेजी | ५०० | |
| १३ | | हकवाला वा हकदार प्रमाणित गर्ने | २०० | |
| १४ | | कागज/मन्जुरीनामा प्रमाणित गर्ने | २०० | |
| १५ | | जग्गा/धितो मूल्याङ्कन सिफारिस प्रमाणित गर्ने रु २०लाख सम्मको लागि | २००० | |
| १६ | | जग्गा/धितो मूल्याङ्कन सिफारिस प्रमाणित गर्ने रु २०लाख भन्दा माथिको लागि | ०.१० प्रतिशत | |
| १७ | | आर्थिक अवस्था कमजोर/न्यून वा विपन्नता प्रमाणित | निःशुल्क | |
| १८ | | संरक्षक प्रमाणित गर्ने | २०० | |
| १९ | | २० लाख भन्दा माथी वडामा तमसुकमा साक्षी बसेको | २०० | |
| २० | | आर्थिक अवस्था बलियो वा सम्पन्नता/आम्दानी प्रमाणित रु १० लाख सम्मको लागि | ५०० | |
| २१ | | आर्थिक अवस्था बलियो वा सम्पन्नता/आम्दानी प्रमाणित रु १० लाख भन्दा माथिको थप रकमका लागि | ०.१० प्रतिशत | |
| २२ | | कृषि आम्दानी प्रमाणित | १००० | |
| २३ | सिफारिस जन्य शुल्क | अंग्रेजी माध्यममा विविध प्रकारका सिफारिस तथा प्रमाणित गर्ने | ५०० | |
| २४ | | अपाङ्गता सिफारिस/जेष्ठ नागरिक सिफारिस | निःशुल्क | |
| २५ | | नावालक परिचयपत्र सिफारिस | २०० | |

| | | | | |
|---|---|---|---|---|
| २६ | | व्यक्तिगत संरक्षक सिफारिस गर्ने | २०० | |
| २७ | | संस्थागत संरक्षक सिफारिस गर्ने | २०० | |
| २८ | | नागरिकता सिफारिस | २०० | |
| २९ | | नागरिकता प्रतिलिपि सिफारिस | २०० | |
| | | अन्य सबै सिफारिस तथा प्रमाणित दस्तुर | २०० | |
| ३० | सिफारिस जन्य शुल्क | बैवाहिक/अंगीकृत नागरिकता सिफारिस | ५०० | |
| ३१ | | छात्रवृत्ति सिफारिस | ५०० | |
| ३२ | | बहाल करको लेखाजोखा सिफारिस | २०० | |
| ३३ | | मोही लगत कट्टाको सिफारिस | २०० | |
| ३४ | | घर जग्गा करको लेखाजोखा गरी सिफारिस गर्ने | २०० | |
| ३५ | | व्यापार व्यावसाय बन्द भएको, संचालन नभएको वा व्यापार व्यवसाय हुँदै नभएको सिफारिस गर्ने | २०० | |
| ३६ | | मिलापत्रको कागज गराउने निवेदन दर्ता/सिफारिस गर्ने | २०० | |
| ३७ | | निःशुल्क स्वास्थ्य उपचार सिफारिस | निःशुल्क | |
| ३८ | | स-शुल्क स्वास्थ्य उपचार सिफारिस | २०० | |
| ३९ | | पुर्जामा पक्की घर कायम गर्न सिफारिस | २०० | |
| ४० | | पुर्जामा कच्ची घर कायम गर्न सिफारिस | १०० | |
| ४१ | | चार किल्ला सिमाना कायम/प्रमाणित-कृषि प्रयोजन | २०० | |
| ४२ | | चार किल्ला सिमाना कायम/प्रमाणित अन्य प्रयोजन | ५०० | |
| ४३ | | नक्सा पास दस्तुर प्रति स्क्वायर फूट (पक्की घरको लागी) | ८ | |
| ४४ | | नक्सा पास दस्तुर प्रति स्क्वायर फूट (कच्ची घरको लागी | ४ | |
| ४५ | | घर नक्सा अभिलेखिकरण (प्रति स्क्वायर फूट) | २.५० | |
| ४६ | | फरक-फरक नाम थर जन्ममिति तथा प्रमाणित दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिस | २०० | |
| ४७ | | नाम थर वा जन्ममिति संशोधनको सिफारिस | २०० | |
| ४८ | | अस्थायी/स्थायी बसोवास सिफारिस | २०० | |
| ४९ | | जग्गा दर्ता सिफारिस | २०० | |
| ५० | | जग्गाधनी पुर्जा हराएको सिफारिस | २०० | |
| ५१ | | कित्ताकाट गर्न सिफारिस | २०० | |
| ५२ | | नामसारी गर्न सिफारिस | २०० | |
| ५३ | | जग्गाको हक सम्वन्धमा सिफारिस | २०० | |
| ५४ | | घर बाटो भएको सिफारिस | ५०० | |
| ५५ | | घर बाटो नभएको सिफारिस | २०० | |
| ५६ | | सर्जिमिन सिफारिस | ५०० | |
| ५७ | | दुर्घटना/विपद्/प्रकोप सर्जिमिन | निःशुल्क | |
| ५८ | | जीवित रहेको सिफारिस | २०० | |
| ५९ | | उद्योग ठाउँसारी गर्न सिफारिस | २०० | |

| | | | | |
|---|---|---|---|---|
| ६० | | आधारभूत विद्यालय दर्ता | २००० | |
| ६१ | | माध्यमिक विद्यालय दर्ता | १०००० | |
| ६२ | | नीजि आधारभूत विद्यालय दर्ता | १०००० | |
| ६३ | | नीजि माध्यमिक विद्यालय दर्ता | २०००० | |
| ६४ | | नीजि आधारभूत विद्यालय नवीकरण | १००० | |
| ६५ | सिफारिस जन्य शुल्क | नीजि माध्यमिक विद्यालय नवीकरण | २००० | |
| ६६ | | ट्युसन (कोचिङ्ग) सेन्टर दर्ता | १००० | |
| ६७ | | कम्प्युटर इन्स्टिच्युट दर्ता | १०००० | |
| ६८ | | प्राविधिक शिक्षालय दर्ता | १५०० | |
| ६९ | | प्राविधिक शिक्षालय नवीकरण | ५०० | |
| ७० | | विद्यालयको कक्षा थप्न सिफारिस(प्रति कक्षा) | ५०० | |
| ७१ | | विद्यालयको ठाउँसारी गर्न सिफारिस | २०० | |
| ७२ | | पालन पोषणका लागि सिफारिस | २०० | |
| ७३ | | धारा जडानको लागि सिफारिस | २०० | |
| ७४ | | विद्युत जडानको सिफारिस | २०० | |
| ७५ | | संस्था दर्ता सिफारिस | २०० | |
| ७६ | शिक्षा सम्बन्धी | कक्षा ५ र ८ को ग्रेडसिट प्रतिलिपि | १०० | |
| ७७ | | कक्षा ५ र ८ को नतिजा पुनरावलोकन/प्रति विषय | ५० | |
| ७८ | | लेखा परिक्षणका लागि फर्म सुचिकृत | १५०० | |
| ७९ | | विषय विज्ञ प्रा.वि. | १००० | |
| ८० | | विषय विज्ञ नि.मा.वि. | १५०० | |
| ८१ | | विषय विज्ञ मा.वि. | २००० | |
| ८२ | | विषय विज्ञ उ.मा.वि. | २५०० | |
| ८३ | | कोठा खोल्ने कार्य रोहवरमा वस्ने | ५०० | |
| ८४ | | कक्षा थप सिफारिस/प्रति कक्षा | ५००० | |
| ८५ | अन्य विविध सिफारिस | योजना संझौता सिफारिस | २०० | |
| ८६ | | योजनाको भुक्तानी/फरफारक सिफारिस | २०० | |
| ८७ | | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | निःशुल्क | |
| ८८ | | उद्योग दर्ता सिफारिस | ५०० | |
| ८९ | | कोर्ट फि मिनाहा सिफारिस | निःशुल्क | |
| ९१ | व्यक्तिगत घटना दर्ता जरिवाना शुल्क | जन्म दर्ता | २०० | ३५ दिनभित्र निःशुल्क |
| ९२ | | विवाह दर्ता | २०० | |
| ९३ | | मृत्यु दर्ता | २०० | |
| ९४ | | वसाई सराई (आउने/जाने) | २०० | |
| ९५ | | सम्वन्ध विच्छेद | २०० | |
| ९६ | | जन्म, विवाह, मृत्यु, बसाई सराई र सम्बन्ध विच्छेदको प्रतिलिपि दस्तुर | ५०० | |

| | | | | |
|---|---|---|---|---|
| ९७ | | पुरानो अभिलेख हेरेको | २०० | |
| ९८ | न्यायिक समितितर्फ न्यायिक समितितर्फ | निवेदन पेश गर्दा | २०० | |
| ९९ | | प्रतिउत्तर पत्र पेश गर्दा | ५० | |
| १०० | | मेलमिलाप दस्तुर | ५०० | |
| १०१ | | सक्कलको नक्कल उतार प्रति | २०० | |
| १०२ | | न्यायिक समितिको निर्णय (प्रति पृष्ठ) | ५० | |
| १०३ | | लिखित कागजपत्रको नक्कल नलिई फोटो खिच्न चाहेमा (प्रति पानाको) | १० | |
| १०४ | समुह संस्था दर्ता/नविकरण | सेवामूलक दर्ता | ५०० | |
| १०५ | | सेवामूलक नवीकरण | २००. | |
| १०६ | | लघु उद्यम बाट सृजना भए सस्था/समुह दर्ता | ५०० | |
| १०७ | | लघु उद्यम बाट सृजना भए सस्था/समुह नविकरण | २५० | |
| १०८ | | पसल/व्यवसाय/होटल/ सबै प्रकारका पसल दर्ता (५ लाख सम्मको) | १००० | |
| १०९ | | पसल/व्यवसाय/होटल/ सबै प्रकारका पसल नविकरंण (५ लाख सम्मको) | ५०० | |
| ११० | | उपभोक्ता समिति/टोल विकास समिति दर्ता | ३०० | |
| १११ | | उपभोक्ता समिति/टोल विकास समिति नवीकरण | २०० | |
| ११२ | | फर्म/व्यवसाय नामसारी दस्तुर (गाँउपालिकामा दर्ता भएकोमा मात्र) | ५०० | |
| ११३ | | फर्म/पसल/व्यवसाय प्रतिलिपि दस्तुर (गाँउपालिकामा दर्ता भएकोमा मात्र) | २५० | |
| ११४ | | फर्म/पसल/व्यवसाय खारेजी दस्तुर (गाँउपालिकामा दर्ता भएकोमा मात्र) | ५०० | |
| ११५ | | फर्म/व्यवसाय सुचिकृत दर्ता | १००० | |
| ११६ | | पोल्ट्री फर्म दर्ता ५० देखी ५०० सम्म सानो | ५०० | |
| ११७ | | पोल्ट्री फर्म नवीकरण ५० देखी ५०० सम्म सानो | २०० | |
| ११८ | | पोल्ट्री फर्म दर्ता ५०० भन्दा माथि | १००० | |
| ११९ | | पोल्ट्री फर्म नवीकरण ५०० भन्दा माथि | २०० | |
| १२० | | कृषि/पशु समुह दर्ता | ६०० | |
| १२१ | | कृषि/पशु समूह नवीकरण | २५० | |

## अनुसुची-९

### दहत्तर बहत्तर दस्तुर

(ऐनको दफा १२ सँग सम्बन्धित)

| क्र.स. | शिर्षक | इकाइ | दररेट राजश्व दर (रु.मा)/पटक | कैफयत |
|---|---|---|---|---|
| १ | ढुङ्गा, गिट्टी, बालुवा, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा वा स्लेट | प्रति क्यूब फिट | रु. ६/- | लुम्बिनी प्रदेश आर्थिक ऐन, २०८२ अनुसार |
| २ | भस्कट | प्रति क्यूब फिट | रु. ३/- | |
| ३ | माटो साधारण (निजी जग्गाको समेत) | प्रति क्यूब फिट | रु. २/- | |
| ४ | इटा पार्ने माटो (निजी जग्गाको समेत) | प्रति क्यूब फिट | रु. ३/- | |
| ५ | दहत्तर बहत्तर | प्रति के.जी. | रु. १/- | |

## अनुसुची-१०

### विज्ञापन कर

(ऐनको दफा १३ सँग सम्बन्धित)

१ व्यवसायिक परिचयको लागि बढीमा २० वर्गफिट सम्मको बोर्ड मात्र राख्न पाईने छ। सो भन्दा ठुलो आकार प्रकारको बोर्ड राख्नु परेमा स्वीकृती लिई नियमानुसार तोकिएको कर लाग्नेछ।

२ विदेशी तथा मल्टिनेशनल कम्पनीहरुको विज्ञापन सामाग्रीहरमा करको दरको दोब्बर विज्ञापन कर असुल गरिनेछ।

३ विज्ञापन प्रयोजनले घर, पसल, होटल, मल, कम्प्लेक्स, रेष्टुरेण्ट, शोरुम, पेट्रोल पम्प, सिनेमाहल, अस्पताल, मेला/महोत्सव, बैकं तथा वित्तीय संस्थाभित्र वा बाहिर राखिने विज्ञापनजन्य बोर्ड, पोस्टर, पम्पलेट, बन्टिङ्ग, झन्डा, सटर पेन्टङ्ग, भ्याकुम स्टिकरजस्ता सबै सामाग्रीहरुको कर संकलन गरिनेछ। कुनै फर्म तथा कम्पनीले आफ्नो व्यापार प्रवर्धनका लागि आफ्नो ब्राण्ड कलर तथा विज्ञापन सामाग्रीहरु गाउँक्षेत्रभित्रका व्यवसायिक स्थाननहरुमा जहाँ राखेपनि त्यसको सम्पुर्णमा देहाय अनुसार कर लाग्नेछ।

| क्र.स. | शिर्षक | दररेट राजश्व दर (रु.मा)/पटक | कैफयत |
|---|---|---|---|
| १ | गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक स्थानहरमा होर्डिङ्ग बोर्डहरमा प्रति वर्ग फिट वार्षिक | ५० | |
| २ | निजी स्थानका होर्डिङ्ग बोर्ड, फ्लक्स् बोर्डहरुमा प्रति फिट बार्षिक | १० | |
| ३ | व्यवसायिक भित्ते लेखनतथा सटर पेन्टिङ्ग प्रति वर्गफिट बार्षिक | १० | |
| ४ | पोल बोर्ड प्रति बोर्ड प्रति एक साइड | २५० | |
| ५ | मादक पदार्थका विज्ञापनमा प्रति स्वायर फिट थप | १०० | |
| ६ | भिज्वल बोर्ड डिजीटल डिस्प्ले बोर्ड, स्क्रिन बोर्ड, | २५० | |

| | | | |
|---|---|---|---|
| | एलसिडि बोर्ड प्रति विज्ञापन प्रति स्क्वायर फिट | | |
| ७ | टु-डि वोर्ड, थ्री-डि बोर्ड, ग्लो बोर्ड र अन्य यस्तै प्रकारका बोर्डहरु वार्षिक थप दस्तुर | २०० | |
| ८ | रोडक्रस व्यानर, ओभरहेड व्यानर, तुल व्यानर, पोल व्यानर, वन्टिङ्ग व्यानर, स्टिमर लागयतका प्रतिहसा प्रतिफुट | ५० | |

नोटः १. गाउँपालिका कार्यालयसँग अनुमति लिएर मात्र विज्ञापन सामाग्री टाँस गर्नुपर्नेछ ।

२. अनुपति नलिई राखिएका प्रचार सामाग्रीहरुमा दोव्वर दस्तुर लिई हटाइनेछ।

३. विज्ञापन करका अन्य दररेर निर्धारित गर्दा गाउँ कार्यपालिकाको निर्णय बमोजिम प्रचलित कानुन तथा नियमावलीको प्रक्रिया अपनाई गर्ने।

## अनुसुची-११

### बहाल विटौरी शुल्क

(ऐनको दफा १४ सँग सम्बन्धित)

| क.स. | शिर्षक | दररेट राजश्व दर (रु.मा)/पटक | कैफयत |
|---|---|---|---|
| १ | हाट बजार कर | निःशुल्क | |
| २ | एलानी जग्गा बहाल कर | व्यवसायिक कर सरह | |
| ३ | जग्गा बहाल बिटौरी कर | व्यवसायिक कर सरह | |
| ४ | बहाल विटौरी कर | व्यवसायिक कर सरह | |
| ५ | अस्थायी पसल विटौरी कर | व्यवसायिक कर सरह | |
| ६ | घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर) र कारखाना बहाल विटौरी कर | व्यवसायिक कर सरह | |

## अनुसुची-१३

### जरिवान शुल्क

(ऐनको दफा १६ सँग सम्बन्धित)

| क.स. | जरिवाना शिर्षक | जरिवानाको दर (रु.मा)/पटक | कैफियत |
|---|---|---|---|
| १ | ट्रक प्रति ट्रिप (ढुङ्गा, गिटी, बालुवा, पाँगो) ट्याक्टर | १००० | |
| २ | प्रति ट्रिप (ढुङ्गा, गिटी, बालुवा, पाँगो) ट्रिपर | ३००० | |
| ३ | प्रति ट्रिप (ढुङ्गा, गिटी, बालुवा, पाँगो) ट्रक | ३००० | |
| ४ | प्रति ट्रिप (ढुङ्गा, गिटी, बालुवा, पाँगो) जेसिभी | ५००० | |

१ चन्द्रकोट गाउँपालिका भित्र रहेका विभिन्न खोला तथा नदिहरुबाट अवैध रुपमा नदिजन्य पदार्थहरुको एक पटक भन्दा बढी पटक चोरी निकासीमा संलग्न भएमा प्रथम पटकको जरिवाना

युवराज खत्री

रकममा थप २५ प्रतिशत रकम लिई सवारी साधन जफत गरि सम्बन्धित निकायमा कानूनी कारवाहिका लागि पठाउने।

२ चन्द्रकोट गाउँपालिका क्षेत्रभित्र रहेका विभिन्न नदी तथा खोलाहरुमा पाईने जलचर (माछा) को संरक्षणका लागि खोला तथा नदिहरमा कुनै व्यक्तिले पनि कुनै जलमा रहेका कुनै जलचरलाई समाले तथा मार्ने अभिप्रायले जानी जानी त्यस्तो जलमा वा त्यसको आसपासमा कुनै किसिमको विद्युटीय धार (करेन्ट), विष्फोटन पदार्थ वा विषालु पदार्थको प्रयोग गर्ने गरि जलचर (माछा) मार्ने काममा संलग्न भएमा पहिलो पटको लाग रु ५००० जरिवाना र एक पटक भन्दा बढी पटक विद्युटीय धार (करेन्ट), विष्फोटन पदार्थ वा विषालु पदार्थको प्रयोग गर्ने संलग्न भएमा पटकको जरिवाना रकममा थप २५ प्रतिशत रकम लिई जलचर (माछा) मार्न प्रयोग भएका सामान जफत गरि सम्बन्धित निकायमा कानूनी कारवाहिका लागि पठाउने।

३ चन्द्रकोट गाउँपालिका क्षेत्रभित्रबाट मासु प्रयोजनका लागि स्त्री जातिका पशुचौपाया (भैसी) अवैध रुपमा विक्री वितरण तथा ओसार पसार गरेमा पहिलो पटकको लागि प्रति गोटा रु ५००० दरले रकम जरिवान गरी सचेत गराउने दोस्रो पटक पनि सोही क्रम दोहोरिएकमा पहिलो पटकको जरिवानामा थप २५ प्रतिशत रकम जरिवाना गराई त्सस्तो व्यक्तिलाई सम्बन्धित निकायमा कानूनी कारबाहिका लागि पठाउने।

<u>नोटः-</u>

१. एउटै शीर्षक वा एउटै प्रकृतिका शीर्षकमा उल्लेखित दररेट फरक-फरक पाइएमा ठुलो रकमलाई मान्यता दिइने।

२. कुनै शीर्षकउल्लेख नभएको भए VAT/PAN मा उल्लेखित रकमलाई सोही शीर्षकको दररेट मानी राजस्व लिने।

३. आ.व. २०८१/८२ वा सो भन्दा अगाडिको करलाई यस आर्थिक ऐन सरहको दररेट रकम मानी राजस्व लिने।

४. नवीकरण उल्लेख नगरेका विषयहरुमा सोही रकमलाई नै नवीकरणको दर मान्ने।

५. जुनसुकै प्रकारले सञ्चालित क्रसर उद्योगबाट शुल्क असुल गर्ने।

६. पान/भ्याट तथा पालिकामा दर्ता नभएको पसल/व्यवसायलाई दर्ता गर्ने प्रकियामा लैजानको लागि माथी तोकिए बमोजिमको जरिवाना बापतको रकम असुल गरिनेछ।

चन्द्रकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

युवराज खत्री क्षत्री
अध्यक्ष